# मध्यविन्दु नगरपालिका

# स्थानिय राजपत्र

**खण्डः ०२** **संख्याः ११** **मितिः २०७५/०१/३१**


# भाग १

## मध्यविन्दु नगरपालिका

## मध्यविन्दु नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/०१/३१**

**नगरप्रमुखबाट प्रमाणिकरण मितिः २०७५/०२/०१**

**राजपत्रमा प्रकाशित मितिः २०७७/१०/०६**

मध्यविन्दु नगरपालिका

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मध्यविन्दु नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नाम मध्यविन्दु नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन प्रमाणिकरण भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :**

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले मध्यविन्दु नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले मध्यविन्दु नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले मध्यविन्दु नगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार :**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त मध्यविन्दु नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. <u>निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः</u>

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही मध्यविन्दु नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

मध्यविन्दु नगरपालिका